नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**बैठकको निर्णयहरुः**

१. जिल्लाको समग्र शान्ति सुरक्षा, विकास निर्माण, विपद् व्यवस्थापन, समन्वय, शिक्षा, स्वास्थ्य, आर्थिक सामाजिक अवस्थाको विश्लेषण, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रमका सन्दर्भमा संक्षिप्त विश्लेषण समेत गरी छलफल गरियो।

२. नेपाल सरकार म.प.को मिति २०८२ चैत्र १२ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एकसय कार्यसूची मध्ये कार्यसूचिको बुँदा नं.९२ अन्तर्गतको सार्वजनिक जग्गाको संरक्षण तथा नियन्त्रण गर्ने, अतिक्रमणमा कडाईका साथ रोक लगाउने र अवैध कब्जा हटाउने सन्दर्भमा यस जिल्ला स्थित सबै (१७ वटै) स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रभित्रको सरकारी सार्वजनिक जग्गाहरुको लगत कायम नभएको भए ७ दिन भित्र लगत कायम गर्ने। त्यसरी लगत कायम भएका जग्गाका सन्दर्भमा आ-आफ्नो भेत्राभित्रको सरकारी सार्वजनिक जग्गाहरुमा रहेको अतिक्रमण हटाउने योजना सहितको विवरण सबै स्थानीय तहहरुले १५ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने र सो सन्दर्भमा देहाय अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउने :

**क)** आफ्नो पालिकामा रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवार मध्येको वास्तविक सुकुम्बासी को हुन् र को होइनन् भन्ने पहिचान सम्बन्धित स्थानीय तहबाट गर्ने।

**ख)** वास्तविक पहिचान गरिएका सुकुम्बासीलाई तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवास, स्वास्थ्य खानपान, गोपनियताको संरक्षण औषधी उपचार तथा परामर्श, महिला तथा अपाङ्गमैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायत) योजनाको तयारी सम्बन्धित तहबाटै गर्ने।

**ग)** वास्तविक सुकुम्बासीलाई व्यवस्थापन गर्ने योजनासहित आवश्यक सुरक्षा प्रबन्धका लागि स्थानीय तहले जिल्ला प्रशासन कार्यालयमा सुरक्षा माग भएपछि जिल्ला सुरक्षा समितिले आवश्यक विश्लेषण समेत गरी आवश्यक व्यवस्था मिलाई यसपछिका कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

**घ)** अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा हटाउने कार्यका लागि स्थानीय तहले कानुन बमोजिमको सूचना दिई प्रस्तुत सन्दर्भमा गरिने विस्तृत कार्य सम्बन्धमा आम जनतालाई सुसुचित गर्ने गराउने व्यवस्था मिलाउने

सरकारी सार्वजनिक जग्गा संरक्षण र व्यवस्थापन गर्ने प्रस्तुत कार्यक्रम कुनै समुदायलाई विस्थापित गर्ने नभई सुरक्षित, भयरहित र जोखिममुक्त आवास व्यवस्थापन गर्नको लागि भएकोले सबै सरोकारवालाहरुले साथ दिई निर्णय कार्यान्वयनका लागि सहजीकरण गरिदिन आम सर्वसाधारणहरुमा आह्वान समेत गर्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

३. सरकारी सार्वजनिक जग्गामा बसोबास गर्ने मध्ये विपदका कारणले र सडकमा दुर्घटनाका कारणले अति जोखिमयुक्त स्थानमा रहेका व्यक्तिहरूलाई माथि निर्णय नम्बर १ मा उल्लेखित प्रक्रियालाई संक्षेपीकरण गरी वास्तविक भूमिहीन र सुकुम्बासीलाई वैकल्पिक बसोबासको व्यवस्था गरी अन्यत्र स्थान्तरण गर्ने व्यवस्था मिलाउने।

४. नेपाल प्रहरी मधेश प्रदेश प्रहरी कार्यालयबाट प्रदेश व्यापी रुपमा सञ्चालन हुन गईरहेको लागू औषध सेवनकर्ता खोजी एवं सुधार अभियान २०८३ का सन्दर्भमा प्रहरी उपरीक्षकबाट प्रस्तुति भई छलफल गरियो। सिराहा जिल्ला समेत लागू औषध दुर्व्यसनका दृष्टिले अति नै संवेदनशील रहेको र प्रस्तुत सन्दर्भमा स्थानीय तहको समेत महत्वपूर्ण जिम्मेवारी र दायित्व रहेको व्यहोरालाई दृष्टिगत गरी सुरक्षा निकायलाई आवश्यक पर्ने Drug Test Kit लगायतका आवश्यक सामग्री खरिद गरी हस्तान्तरण गर्न सम्पूर्ण पालिकाहरुलाई अनुरोध गर्ने।

५. सिराहा जिल्लाभित्र बहने विभिन्न नदीनाला तथा खोलाहरूबाट हुनसक्ने सम्भावित क्षतिको न्यूनीकरणका लागि आपत्कालीन व्यवस्थापन गर्न जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, सिरहाबाट प्राप्त विवरण पूर्व तयारीको लागि सम्बन्धित स्थानीय तहमा पठाउने।

६. अघिल्लो आ.ब. को यस अवधिमा सिराहा जिल्ला सुख्खाग्रस्त क्षेत्रको रूपमा घोषणा गरेर आवश्यक व्यवस्थापन गरिएको अवस्थालाई मध्यनजर गर्दै आगामी दिनमा हुनसक्ने जलवायु परिवर्तनलाई दृष्टिगत गरी आवश्यक रणनीति तय गर्ने व्यवस्था मिलाउने।

७. जिल्लाभित्रका विभिन्न संघ संस्था, मन्दिर, देवालय, गुठी तथा सर्वसाधारण व्यक्तिहरू समेत आफ्नो नाममा दर्ता कायम भएको जग्गामा विभिन्न व्यक्ति तथा समूहबाट अवैध कब्जा गरी अन्यायमा परेको भनी निवेदन गर्ने क्रम बढिरहेको सन्दर्भमा प्रत्येक स्थानीय तहले हकभोगको प्रमाण सहितको निवेदन लिई अवैध कब्जा हटाउन सूचना - समन्वय छलफल लगायतका प्रक्रिया पुर्‍याई सहजीकरण गर्ने र आवश्यकता अनुसार सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने व्यवस्था मिलाउने।

८२/०१/२८

प्रमुख जिल्ला अधिकारी